बैठक नं: ८४

आज मिति २०७८ पुस १४ गते बुधवारको दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ८४औ कार्यपालिका बैठक बस्यो ।

<u>उपस्थिती</u>

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## अन्य उपस्थिति

१. राम प्रसाद शर्मा नगर शिक्षा शाखा प्रमुख, शिक्षा तथा खेलकुद शाखा
२. जिवलाल श्रेष्ठ, अधिकृत छैठौं, प्रशासन तथा योजना
३. टिकाराम बराल, इन्जिनियर, पूर्वाधार शाखा
४. विमला लम्साल, अधिकृत छैठौं महिला तथा बाल बालिका शा.
५. विनोद अर्याल, लेखा अधिकृत, आ.प्र. शाखा
६. मिन खापकोटा, अधिकृत छैठौं, आर्थिक विकास शाखा
७. शेषराज पौडेल सहायक पाँचौं - योजना प्रशासन
८. कृष्ण हरि खापकोटा, सूचना प्रविधि अधिकृत, सूचना शाखा

**मिति २०७८।९।१४ गतेको ८४ औं नगर कार्यपालिकाको बैठकमा छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरु**

१, समपुरक अनुदान र विशेष अनुदानका लागि योजना छनौट सम्बन्धमा ।

२, मालपोत कार्यालयलाई आर्थिक सहयोग उपलव्ध गराउने सम्वन्धमा ।

३, सुरक्षित आवास भवन निर्माण सम्वन्धमा ।

४, खरको छानो (नागरिक सुरक्षा) विस्थापित कार्यक्रम संचालन सम्वन्धमा ।

५, नयां परिपत्र बमोजिम उपभोक्ता समितिबाट कार्य संचालनका सम्वन्धमा ।

६, कोभिड प्रभावितहरुको लागि आर्थिक सहायता उपलव्ध गराउने सम्बन्धमा ।

७, आगामी आ.व.को आन्तरिक राजस्व प्रक्षेपण सम्वन्धमा ।

८, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत विद्यालयहरु सिफारिस गर्ने सम्वन्धमा ।

Scanned with CamScanner

मिति २०७८।९।१४ गतेको ८४औं नगर कार्यपालिकाको बैठकमा छलफल गरी निर्णय भएका बिषयहरु

**निर्णय नं १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा आगामी आ.व. २०७९/०८०का लागि निम्नानुसार योजना/ कार्यक्रमहरु निम्नानुसारका अनुदान शीर्षकहरुमा समावेश गर्नका लागि सम्वन्धित निकायमा सिफारिस साथ अनुरोध गरी पठाउने निर्णय गरियो ।

(क) संघीय सरकार समपुरक अनुदान तर्फ

१, झगरे खोला तटवन्धन कार्य रु, १ करोड

२, मुकुन्दे खोला तटवन्धन कार्य रु, १ करोड

३, बोलाहा खोला तटवन्धन कार्य रु, २ करोड

४, लोकाहा खोला तटवन्धन कार्य रु, १ करोड ५० लाख

५, बगुइ खोला तटवन्धन कार्य रु, ५० लाख

(ख) संघीय सरकार विशेष अनुदान तर्फ

१, सुरक्षित आवास कार्यक्रम (क्रमागत) (देवचुली नगरपालिका क्षेत्रका अति विपन्न परिवार) रु, ५ करोड

(क) गण्डकी प्रदेश समपुरक अनुदान तर्फ

१, देवचुली नगरपालिका रिङगरोड निर्माण रु, ५ करोड

(ख) गण्डकी प्रदेश विशेष अनुदान तर्फ

१, देवचुली नगरपालिका क्षेत्रका कृषि सिंचाइ नहर/कुलो, बांध मर्मत रु, ३ करोड

**निर्णय नं २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा मालपोत कार्यालयबाट यस नगरपालिका क्षेत्रका जग्गा धनीहरुको जग्गा दर्ता स्रोस्ता अद्यावधिक तथा बैण्डिङग गरी सुरक्षा प्रवन्ध मिलाउनका अतिरिक्त आवश्यक फर्निचार खरिद कार्यका लागि प्रयोग गर्ने गरी विगत वर्ष उपलब्ध भएको रकम पे.फ. गराइ चालु आ.व.मा रु, १ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं ३,

प्रस्ताव नं. ३ उपर छलफल गर्दा चालु आ.व.का लागि संघीय सरकार विशेष अनुदान शीर्षकमा उपलब्ध हुन आएको रकम मध्येबाट वडा नं. १,२,१३,१५,१७ का बोटे, माझी, मुसहर बस्तीका आफैले घर बनाउन नसक्ने अति विपन्न गरीब परिवारका व्यक्तिहरुलाइ तोकिएको अनुदान रकमबाट प्राविधिक ल.ई. अनुसारका भवनहरु निर्माण गर्नका लागि सम्बन्धित वडा कार्यालयहरुबाट सात दिन भित्र त्यस्ता अति विपन्न परिवारको बिवरण माग गरी भवन निर्माण प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं ४,

प्रस्ताव नं. ४ उपर छलफल गर्दा चालु आ.व.का लागि सुरक्षित नागरिक आवास (खरको छानो विस्थापित) कार्यक्रम अन्तरगत बिनियोजित रकम रु,३४ लाख मध्येबाट खरको छानो बिस्थापित कार्यका लागि प्रति घर रु, ५० हजारका दरले हुन आउने रकम उपलव्ध गराउन सकिने भएकोले गत आ.व.मा कार्यक्रम संचालन भएका वडाहरु बाहेकका बांकी वडाहरुमा यथासक्य छिटो खरको छाना भएका नगरवासीहरुको स्वीकृत नामावली मध्ये अति बिपन्नताको क्रमानुसार प्राथमिकताको आधारमा सात दिन भित्र यस कार्यालयमा नामावली पेश गर्न सम्बन्धित वडा कार्यालयहरुलाइ अनुरोध गर्ने र स्वीकृत नामावलीमा कोही कसैको नाम छुट हुन गएको भए छुट भएका परिवारको नाम नामेसी समावेश गर्नका लागि १५ दिन भित्र आवश्यक कागजात सहितको विवरण यस कार्यालयमा पठाउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ५,

प्रस्ताव नं. ५ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १६० मिति २०७८।८।२१ को पत्रबाट उपभोक्ता समितिबाट कामकाज गराउने सम्वन्धी विषयमा गरिएको परिपत्र कार्यान्वयनका सम्वन्धमा चालु आ.व. का अधिकांश योजनाहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा व्यवस्था भए अनुसार उपभोक्ता समितिहरुबाट संझौता भइ कार्यान्वयनका चरणमा रहेको हालको अवस्थामा उक्त परिपत्र कार्यान्वयनमा ल्याउन कठिनाइ पर्ने अवस्था देखिएकोले आगामी आ.व. देखि निर्देशन भए बमोजिम उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं. ६,

प्रस्ताव नं ६ उपर छलफल गर्दा विश्वव्यपि रुपमा फैलिएको कोभिड महामारीबाट प्रभावित यस नगरपालिका क्षेत्रका अति विपन्न परिवारलाइ नगद हस्तान्तरण गर्नेगरी मिति २०७८।७।१५ को नेपाल राजपत्रमा प्रकाशित कोभिड -१९ को महामारीबाट प्रभवित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ अनुसार सवै वडाहरुबाट सिफारिस भइ आएका निर्देशिकामा उल्लेखित कोभिड प्रभावित अति विपन्न परिवारका व्यक्तिहरुको नामावली प्रकाशित गरिएकोमा कार्यविधिको दफा ६ (४) मा व्यवस्था भए अनुसार जम्मा ५७४ जना तपसिल बमोजिमका अति विपन्न परिवारलाइ हाल प्रकोप व्यवस्थापन कोषबाट व्ययभार हुनेगरी प्रति परिवार रु, १० हजारका दरले हुन आउने रकम रु, ५७ लाख ४० हजार रुपैया सम्वन्धित व्यक्तिको नाममा रहेको बैंक खाता मार्फत उपलव्ध गराइ उक्त रकम सोधभर्नाका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

| वडा नं. | अति विपन्न परिवार संख्या | वडा नं. | अति विपन्न परिवार संख्या | वडा नं. | अति विपन्न परिवार संख्या |
|---|---|---|---|---|---|
| १ | ३९ | ७ | १३ | १३ | ४३ |
| २ | ४४ | ८ | २ | १४ | १३ |
| ३ | ६ | ९ | २९ | १५ | ९ |
| ४ | ४० | १० | ४६ | १६ | ४९ |
| ५ | १९ | ११ | १८ | १७ | ११८ |
| ६ | ४६ | १२ | ४० | | |
| कुल जम्मा प्रभावित परिवार संख्या ५७४<br>कुल उपलब्ध गराउनु पर्ने रकम रू, ५७,४०,०००। | | | | | |

निर्णय नं ७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा आगामी आ.व.का लागि यस नगरपालिका क्षेत्रमा तालुक निकायबाट अनुदान स्वरुप उपलव्ध हुने रकम वाहेक अन्य आन्तरिक आम्दानीको रुपमा चालु आ.व. मा प्रस्ताव गरिएको रकममा १०% सम्म बृद्धि गरी आगामी आ.व. को लागि आन्तरिक आम्दानीको स्रोत प्रक्षेपण गर्ने गरी राजस्व परामर्श समितिको सिफारिस अनुसार सोही व्यहोरा समर्थन गरी सम्वन्धित निकायमा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं ८,

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सार्वजनिक विद्यालयहरुबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत शैक्षिक सुधार तथा भवन निर्माण कार्यका लागि माग भइ आएका निम्नानुसारका विद्यालयहरुलाइ माग बमोजिमको कार्यक्रम स्वीकृतिका लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

## भौतिक पूर्वाधार विकास कार्यक्रम (चारकोठे भवन) तथा प्राविधिक धार ल्याव सुदृढीकरण कार्यक्रम

| क्र.स. | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | प्राथमिकता क्रम |
|---|---|---|---|
| १ | श्री वरचुली मा.वि. देवचुली -१७ | चार कोठे भवन | १ |
| २ | श्री नारायणी आ.वि. देवचुली -१५ | चार कोठे भवन | २ |
| ३ | श्री जनज्योति नमुना मा.वि. देवचुली -१४ | चार कोठे भवन | ३ |
| ४ | श्री पृथ्वी मा.वि. देवचुली -१० | चार कोठे भवन | ४ |
| | | प्राविधिक ल्याव सुदृढीकरण | |
| ५ | श्री देवचुली मा.वि. देवचुली-१६ | चार कोठे भवन | ५ |
| | | प्राविधिक ल्याव सुदृढीकरण | |
| ६ | श्री जनज्योति मा.व. देवचुली -१५ | चार कोठे भवन | ६ |
| | | ICT ल्याव व्यवस्थापन तथा Digital Library | |
| ७ | श्री कुमारवर्ती आ.वि. देवचुली -१३ | चार कोठे भवन | ७ |
| | | ICT ल्याव व्यवस्थापन तथा Digital Library | |
| ८ | श्री नव नेपाल आ.वि. देवचुली -१५ | चार कोठे भवन | ८ |
| ९ | श्री सकलादेवी मा.वि. देवचुली-५ | चार कोठे भवन | ९ |
| | | ICT ल्याव व्यवस्थापन तथा Digital Library | |
| १० | सूर्यकिरण आ.व. देवचुली -११ | चार कोठे भवन | १० |
| ११ | श्री दिव्यज्योति आ.वि. देवचुली -१२ | चार कोठे भवन | ११ |
| १२ | श्री शान्ति सृजना आ.वि. देवचुली-४ | चार कोठे भवन | १२ |
| १३ | श्री पशुपति सा. आ. सँस्कृत मा.वि. -१५ | चार कोठे भवन | १३ |

## भौतिक पूर्वाधार विकास(२ कोठे भवन)

| क्र.स. | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | प्राथमिकता क्रम |
|---|---|---|---|
| १ | श्री बालकिरण आ.वि. देवचुली -६ | दुइ कोठे भवन | १ |
| २ | श्री मनकामना आ.वि. देवचुली-९ | दुइ कोठे भवन | २ |
| ३ | श्री नेपाल राष्टिय शारदा आ.वि. देवचुली -६ | दुइ कोठे भवन | ३ |
| ४ | श्री मिलीजुली आ.वि. देवचुली -८ | दुइ कोठे भवन | ४ |

## ICT ल्याव व्यवस्थापन तथा Digital Library

| क्र.स. | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | प्राथमिकता क्रम |
|---|---|---|---|
| १ | श्री भीमसेन आदर्श मा.वि. देवचुली -७ | Digital Library | १ |
| २ | श्री कालिका मा.वि. देवचुली -९ | ICT ल्याव व्यवस्थापन तथा Digital Library | २ |
| ३ | श्री नेपाल मा.वि. देवचुली-१ | ICT ल्याव व्यवस्थापन तथा Digital Library | ३ |
| ४ | श्री दिव्यज्योति आ.वि. देवचुली -१२ | ICT ल्याव व्यवस्थापन तथा Digital Library | ४ |

मोहिन्द्र सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner